बियोन्ड द अर्फनेज

यौन शोषण तथा दुर्व्यवहार रोकथाम नीति

चैत्र ४, २०७५

(१८ मार्च २०१९)

संस्करण १.०२

**दस्तावेजको विशेषताहरू**

| | |
|---|---|
| दस्तावेजको नाम | बि.टि.ओ.एफ. को यौन शोषण तथा दुर्व्यवहार रोकथाम नीति |
| संस्करण र मिति | मस्यौदा संस्करण १.०२ फाल्गुन २९, २०७५ (१३ मार्च २०१९) |
| अवस्था | चालु |
| यस पछिको पुनरावलोकन मिति | प्रत्येक २ वर्ष |
| कागजातको स्वामित्व | बि.टि.ओ.एफ. को सञ्चालक समिति |

**संस्करणको वृतान्त**

| मिति | संस्करण | विवरण |
|---|---|---|
| सन् २०१८ | ०.१० | पहिलो संस्करण स्वीकृत |
| मार्च २०१९ | ०.२० | परिमार्जित- क्यारोलिन हेमर-स्मिथ |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## मापदण्ड तथा मार्गदर्शनहरु

ए.चि.एफ.आई.डि. आचारसंहिता

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धि महासन्धि

संयुक्त राष्ट्रसंघका महानिर्देशकको यौन शोषण तथा दुर्व्यवहारबाट संरक्षणको लागि विशेष उपायहरु सम्बन्धि बुलेटिन (एस.टि./एस.जि.बि. /२००३/१३)

## उद्देश्य

बि.टि.ओ.ले हाम्रो समाजको हरेक तहमा असमान शक्तिको गतिशीलता रहेको र केही कर्मचारीले व्यक्तिगत लाभको लागि आफ्नो पदको शोषण गर्न सक्ने अवस्था अन्तर्निहित रहने कुरालाई मान्यता दिन्छ ।

विशेष गरी असुरक्षित वयस्क तथा बालबालिकाहरु यौन शोषण तथा दुर्व्यवहारको खतरामा रहन्छन् । यो नीतिले बि.टि.ओ.का सरोकारवालाहरुद्वारा (यौन शोषण तथा दुर्व्यवहार रोकथाम नीति) असुरक्षित वयस्क तथा बालबालिकाहरुमाथि हुने यौन शोषण तथा दुर्व्यवहारबाट संरक्षण गर्ने प्रति बि.टि.ओ.को प्रतिबद्धतालाई जनाउँछ । बालबालिकाहरुको विशेष जोखिमलाई पहिचान गर्दै, बि. टि. ओ. को छुट्टै बालबालिका संरक्षण नीति समेत रहेको छ ।

यौन शोषण तथा दुर्व्यवहार प्रति बि. टि. ओ. को शून्य सहनसिलता नीति रहेको छ । बि.टि.ओ.ले आफ्ना सरोकारवालाहरुद्वारा भएको यौन शोषण तथा दुर्व्यवहार सम्बन्धि सबै चिन्ता र गुनासोहरूलाई गम्भीर रुपमा लिन्छ । बि.टि.ओ.ले यस नीतिको सम्भावित उल्लङ्घनलाई संकेत गर्ने उजुरीहरूको कडा छानबिन सुरु गर्छ र आवश्यक अनुसाशनात्मक कारबाही गर्छ ।

सबै बि. टि. ओ. का सरोकारवालाहरूले यस नीतिको कार्यन्वयन सुनिश्चित गर्नुपर्दछ र यसलाई आफ्नो कार्यको सबै पक्षहरूमा सान्दर्भिक रूपमा प्रवर्द्धन गर्नुका साथै सबैका लागि सुरक्षित कार्य वातावरण सिर्जना गर्न आफू र अरूलाई जिम्मेवार ठहराउनुपर्छ ।

## दायरा

यो नीति तल उल्लेख गरिए अनुसार सबै बि. टि. ओ. का सरोकारवालाहरूमा लागू हुन्छ ।

## परिभाषाहरू

अष्ट्रेलियामा रहेको बियोन्ड द अर्फनेज (बि.टि.ओ.ओ.) र संयुक्त राज्य अमेरिकामा रहेको बियोन्ड द अर्फनेज फाउण्डेशन, ईन्क (बि.टि.ओ.एफ.) लाई यस दस्तावेजमा संयुक्त रुपमा बि. टि. ओ. भनेर उल्लेख गरिएको छ ।

बि. टि. ओ. का सरोकारवालाहरूले सबै कर्मचारी, ठेकेदार, बोर्ड सदस्य, स्वयंसेवक, कार्यक्रम साझेदार र परियोजना आगन्तुकहरु वा बि. टि. ओ. सँग सम्बन्धित अन्य कुनै व्यक्ति जो असुरक्षित वयस्क र बालबालिकाहरूसँग सम्पर्कमा छन् भनेर बुझाउँछ ।

**बालबालिका र असुरक्षित वयस्कहरु:**

- स्थानीय देश को परिभाषाले नाबालकलाई जसरी परिभाषा गरेतापनि बालक वा बालिका बा बच्चा भनेको १८ वर्ष मुनिको कुनै पनि व्यक्ति सम्झनुपर्छ ।
- असुरक्षित वयस्कहरूलाई निम्न रूपमा परिभाषित गरिएको छ:
    - १८ वर्ष भन्दा माथिको व्यक्ति जसले आफुलाई आफ्नो हेरचाह गर्न / खतरा वा शोषणबाट आफुलाई सुरक्षित राख्न नसक्ने भनी पहिचान गर्छ; वा

- ○ जसलाई आफ्नो लिङ्ग, मानसिक वा शारीरिक स्वास्थ्य, अपाङ्गता, जातीय, धार्मिक पहिचान, यौन झुकाव, आर्थिक वा सामाजिक स्थिति वा विपत्ति र द्वन्द्वको परिणाम स्वरूप जोखिममा मानिन्छ ।

**यौन शोषण**

यौन शोषण भन्नाले यौन उद्देश्यका लागि कसैको जोखिमा रहेको अवस्था, शक्तिको भिन्नता, वा विश्वासको वास्तविक वा प्रयास गरिएको दुर्व्यवहार बुझिन्छ र यसले अर्काको यौन शोषणबाट मौद्रिक, सामाजिक वा राजनैतिक रूपमा नाफा कमाउने लगायतका कार्यलाई समेत समेट्छ ।

**यौन उत्पीडन**

यौन उत्पीडन यौनजन्य प्रकृतिको अवांछित आचरण हो । यो एक व्यक्ति, व्यक्तिहरूको समूह वा हर कोही तर्फ निर्देशित हुन सक्छ र एक पटकको घटना वा हानिकारक व्यवहारको ढाँचाको रूपमा प्रस्तुत हुन सक्छ । जो कोहीले पनि यौन उत्पीडनको अनुभव गर्न सक्छ, र ए.एच.एफ. ले (एड्स हेल्थकेयर फाउण्डेशन) महिला, पुरुष, तेस्रोलिङ्गी र अरूले यौन उत्पीडन अनुभव गर्दा विशिष्ट र विविध चुनौतीहरूको सामना गर्नुपरेको कुरालाई मान्यता दिन्छ ।

यौन उत्पीडनको प्रभाव भनेको अर्को व्यक्तिको मर्यादाको हनन गर्नु तथा उनीहरु तथा अन्य व्यक्तिहरुको लागि भयवित, प्रतिकूल, अपमानजनक वा आपत्तिजनक वातावरणको सिर्जना गर्नु हो ।

यौन उत्पीडनले धेरै रूप लिन सक्छ । जस्तै;

- यौनजन्य प्रकृतिका मौखिक टिप्पणीहरू, जस्तै कर्मचारीको रुपमाथि टिप्पणी, यौन जीवनको बारेमा प्रश्न, वा आपत्तिजनक मजाक
- गैर-मौखिक आचरणहरु जस्तै अश्लील तस्बिरहरू प्रदर्शन गर्ने, घुरेर हेर्ने, यौनजन्य इशाराहरू वा यौनजन्य प्रकृतिको आपत्तिजनक वा अनुपयुक्त लिखित टिप्पणीहरू
- शारीरिक जस्तै अनावश्यक शारीरिक स्पर्श, छुवाई र आक्रमण- जसमा यी कार्यहरुको प्रयास र यी कार्य गर्ने धम्की समेत पर्दछन् ।)

यौन उत्पीडनको आरोपलाई सम्बोधन गर्दा, ए.एच.एफ.लाई आरोपित व्यक्तिको नियतसँग नभएर उजुरी गर्ने व्यक्तिमाथि भएको व्यवहारको प्रभावसँग चिन्ता छ । कुनै कार्य वा व्यवहारलाई आरोपित उत्पीडकले हानि गर्ने मनसाय राखेर गरेको नभएतापनि त्यसलाई यौन उत्पीडन मान्न सकिन्छ ।

सबै कर्मचारी, ठेकेदार र सम्बद्ध कामदारहरू कार्यस्थलमा यौन उत्पीडनबाट सुरक्षित छन् । यो सुरक्षा रोजगार सम्बन्धि कानून र फौजदारी कानून दुबैबाट आउँछ ।

**दुर्व्यवहार (यसमा निम्न मध्ये एक वा बढी समावेश हुन्छ):**

1. **यौन दुर्व्यवहार**

   यौन दुर्व्यवहार भनेको यौनजन्य प्रकृतिको वास्तविक वा धम्कीपूर्ण शारीरिक अतिक्रमण हो, चाहे त्यो बल प्रयोग गरेर होस् वा असमान वा करकापको अवस्थामा होस् ।

2. **शारीरिक दुर्व्यवहार**

शारीरिक दुर्व्यवहार तब हुन्छ जब एक व्यक्तिले जानीजानी बच्चा वा जवान व्यक्तिलाई चोट पुर्याउँछ वा चोट पुर्याउने धम्की दिन्छ । यसमा थप्पड हान्ने, मुक्का हान्ने, हल्लाउने, लात हान्ने, जलाउने, धकेल्ने वा जोडले समात्ने लगायतका कार्य पर्न सक्छन् । चोटपटकमा नीलडाम, काटिएको घाँउ, जलेको वा भाँचिएको हुन सक्छ ।

**3. भावनात्मक दुर्व्यवहार**

भावनात्मक दुर्व्यवहार भनेको बच्चाप्रति अनुपयुक्त मौखिक वा प्रतीकात्मक कार्य हो वा समयको अन्तरालमा बच्चालाई पर्याप्त गैर-शारीरिक पालनपोषण र भावनात्मक उपलब्धता प्रदान गर्न भएको असफलताको ढाँचा हो । यस्ता कार्यहरूले बच्चाको आत्म-सम्मान वा सामाजिक क्षमतालाई हानि पुऱ्याउने उच्च सम्भावना हुन्छ ।

**4. उपेक्षा**

उपेक्षा भनेको बालबालिकालाई (जहाँ बि. टि. ओ. का सरोकारवालाले त्यसो गर्न सक्ने स्थितिमा छन्) उनीहरूको शारीरिक र भावनात्मक विकास र कल्याणको लागि सांस्कृतिक रुपमा आवश्यक मानेर स्वीकार गरिएको अवस्थाहरू प्रदान गर्न असफल हुनु हो ।

**5. बाल यौन दुर्व्यवहार**

बाल यौन दुर्व्यवहार भनेको यौन गतिविधिमा बच्चाको संलग्नता हो जुन उसले पूर्ण रुपमा बुझ्दैन, सूचित सहमति दिन सक्दैन, वा जसको लागि ऊ शारिरिक रूपमा तयार छैन र सहमति दिन सक्दैनन्, वा जसले कानून वा सामाजले वर्जित गरेको व्यवहारको उल्लङ्घन गर्दछ । यो एक बच्चा र वयस्क वा एक बच्चा र अर्को बच्चा (जो उमेर वा विकासले जिम्मेवारी, विश्वास वा शक्तिको सम्बन्धमा हुन्छ) बिचको गतिविधिले प्रमाणित गर्दछ, त्यस्तो गतिविधि जुन अर्को व्यक्तिको आवश्यकतालाई तृप्त वा सन्तुष्ट पार्ने उद्देश्यले गरिन्छ । यसमा कुनै पनि गैरकानूनी यौनजन्य गतिविधिमा संलग्न हुन बच्चालाई देखाईने प्रलोभन वा गरिने जबरजस्ती, वेश्यावृत्ति वा अन्य कानुनी यौनजन्य अभ्यासहरूमा बच्चाको शोषणात्मक प्रयोग वा अश्लील प्रदर्शन र सामग्रीहरूको शोषणात्मक प्रयोग लगायतका गतिविधिहरु पर्दछन् ।

**6. जबरजस्ती**

जबरजस्तीमा बिभिन्न परिमाणको बलको प्रयोग पर्दछ । शारीरिक बल बाहेक, यसमा मनोवैज्ञानिक भय, ब्ल्याकमेल वा अन्य धम्कीहरू समावेश हुन सक्छन् । उदाहरणका लागि, जागिरबाट बर्खास्त गर्ने वा खोजिएको काम नपाउने धम्की । यो तब पनि हुन्छ जब एक व्यक्ति सहमति दिन सक्ने अवस्थामा छैन । जस्तै – लागूपदार्थको नशामा हुँदा, सुतेको अवस्थामा, मातेको वा मानसिक रुपमा असक्षम हुँदा ।

**7. बालविवाह**

साना केटाकेटीहरू, विशेष गरी केटीहरूको विवाह गर्ने चलन विश्वको धेरै भागहरूमा पाइन्छ । यो अभ्यास - धेरै देशहरूमा कानुनी मान्यता पाएको - यौन हिंसाको एक रूप हो, किनभने संलग्न बालबालिकाहरूले आफ्नो सहमति दिन वा रोक्न सक्दैनन् ।

**8. असुरक्षित वयस्कमाथिको दुर्व्यवहार**

असुरक्षित वयस्क दुर्व्यवहार धेरै रूपमा प्रस्तुत हुन्छ: यौनजन्य, मनोवैज्ञानिक, आर्थिक/भौतिक, भेदभावपूर्ण, शारीरिक, पारिवारिक हिंसा र आत्म-उपेक्षा ।

असुरक्षित वयस्क एक व्यक्ति हो जसलाई मानसिक वा अन्य अशक्तता, उमेर वा रोगको कारणले सामुदायिक हेरचाह सेवाहरूको आवश्यकता छ वा हुन सक्छ; र जो आफ्नो हेरचाह गर्न असक्षम छ वा हुन सक्छ, वा जसले महत्वपूर्ण हानि वा शोषण विरुद्ध आफुलाई सुरक्षित गर्न सक्दैन ।

**9. पारिवारिक हिंसा**

पारिवारिक/घरेलु दुर्व्यवहार भनेको नियन्त्रण, जबरजस्ती वा धम्कीपूर्ण व्यवहार, हिंसा वा दुव्र्यवहारको घटनाको वा घटनाहरुको ढाँचा हो जसमा परिवार, चाहे घनिष्ठ जीवनसाथी रहेको वा भएको वा अन्य सदस्यहरु वा परिवारका सदस्यहरुका अन्य शारिरीक , यौनजन्य, आर्थिक साझेदार साथीहरु वा पारिवारिक सदस्यहरुको संलग्नता रहेको हुन्छ ।

**10. ग्रूमिङ**

ग्रूमिङले सामान्यतया यस्तो व्यवहारलाई जनाउँछ जसले अपराधीलाई यौनजन्य क्रियाकलापका लागि बच्चा प्राप्त गर्न सजिलो बनाउँछ । यसमा प्रायः बालबालिका र/वा उनीहरूका हेरचाहकर्ताहरूसँग विश्वास निर्माण गर्ने कार्य पर्दछ जसले यौन दुर्व्यवहार गर्नको लागि बच्चाहरूसँग पहुँच प्रदान गर्दछ । उदाहरणका लागि, ग्रूमिङमा रोमान्टिक भावनाहरूलाई प्रोत्साहन दिने वा पोर्नोग्राफी मार्फत बच्चालाई यौनजन्य अवधारणाहरूको परिचय गराउनु ।

**11. अनलाइन ग्रूमिङ**

अनलाइन ग्रूमिङ भनेको प्रापकलाई अर्को व्यक्तिसँग (वा प्रेषक आफैं सँग) यौनजन्य क्रियाकलापमा संलग्न गराउनको लागि उपलब्ध गराउने उद्देश्यले अश्लील सामग्रीसहितको विद्युतिय सन्देश पठाउने कार्य हो जसमा प्रेषकले प्रापक १८ वर्षभन्दा कम उमेरको व्यक्ति हो भनी विश्वासमा रहेको हुन्छ ।

**आधुनिक दासत्व**

दासत्व एक अवस्था हो जहाँ एक व्यक्तिले अर्को व्यक्तिमाथि (कथित) स्वामित्वको शक्ति प्रयोग गर्दछ । आधुनिक दासत्वले श्रम शोषणको एक स्पेक्ट्रमलाई समेट्छ जसमा असुरक्षित कामदारहरुमाथिको दुर्व्यवहारदेखि मानव बेचबिखन, बाल श्रम र जबरजस्ती यौन शोषण सम्म पर्दछ ।

जबरजस्ती श्रममा त्यस्ता काम वा सेवाहरू पर्दछन् जुन मानिसहरूले स्वेच्छाले गर्दैनन् तर सजायको धम्कीमा; मानव बेचबिखनमा परेर (जसमा भ्रामक भर्ती र करकाप पर्दछन्) ; र बन्धक श्रम (जसमा ऋण चुक्ता गर्नको वापत श्रम मागिन्छ) को कारणले गर्दछन्।

**जबरजस्ती**

जबरजस्तीमा बिभिन्न परिमाणको बलको प्रयोग पर्दछ । शारीरिक बल बाहेक, यसमा मनोवैज्ञानिक भय, ब्ल्याकमेल वा अन्य धम्कीहरू समावेश हुन सक्छन् । उदाहरणका लागि, जागिरबाट बर्खास्त गर्ने वा खोजिएको काम नपाउने धम्की । यो तब पनि हुन्छ जब एक व्यक्ति सहमति दिन सक्ने अवस्थामा छैन । जस्तै – लागूपदार्थको नशामा हुँदा, सुतेको अवस्थामा, मातेको वा मानसिक रूपमा असक्षम हुँदा ।

**यौन शोषण र दुर्व्यवहार**

यस नीतिभरि "यौन शोषण र दुर्व्यवहार" शब्दावलीको प्रयोग बालबालिका र असुरक्षित वयस्कहरूको सन्दर्भमा प्रयोग गरिएको छ र बि. टि. ओ. ले यौन शोषण र दुर्व्यवहार शब्दावलीले व्यवहारको व्यापक दायराको प्रतिनिधित्व गर्दछ जुन शारिरीर शंभोगमा सिमित छैन भनेर मान्यता राख्दछ ।

## मूल सिद्धान्तहरू

सबैभन्दा असुरक्षित जनसंख्या, विशेष गरी असुरक्षित वयस्क र बालबालिकाको सुरक्षा गर्न र बि. टि. ओ. को अन्तर्राष्ट्रिय गतिविधिहरूको सत्यनिष्ठा सुनिश्चित गर्न, बि. टि. ओ. का सरोकारवालाहरूले निम्न छ वटा मुख्य सिद्धान्तहरू पालना गर्नुपर्छ:

1. बि. टि. ओ. का सरोकारवालाहरु द्वारा हुने यौन शोषण र दुर्व्यवहार भनेको घोर दुराचारको कार्य भएकोले यो बि. टि. ओ. संग रोजगारी वा अन्य संलग्नता को समाप्ति को लागि आधार हो ।
2. स्थानीय कानूनमा साबालिग हुने उमेर वा सहमति प्रदान गर्ने उमेर जति भएपनि बालक वा बालिकासँग यौन क्रियाकलाप निषेध गरिएको छ । बालक वा बालिकाको उमेरको भ्रम प्रतिरक्षाको आधार होईन ।
3. बि. टि. ओ. का सरोकारवालाहरूद्वारा यौन अनुग्रह वा अन्य प्रकारका अपमानजनक वा शोषणकारी व्यवहार लगायतका यौनजन्य कार्यका लागि पैसा, रोजगारी, वस्तुहरु, वा सेवाहरूको आदानप्रदान निषेध गरिएको छ । यसमा कार्यक्रमका सहभागीहरूलाई हुने सहयोगको आदानप्रदान समेत समावेश छ ।
4. बि. टि. ओ. सरोकारवालाहरू, कार्यक्रमका सहभागीहरु र अन्य कुनै पनि सरोकारवालाहरू बीच यौन सम्बन्धहरु दृढतापूर्वक निरुत्साहित गरिन्छ किनभने तिनीहरु अन्तर्निहित रुपमा असमान शक्ति गतिशीलतामा आधारित छन् । त्यस्ता सम्बन्धहरूले बि. टि. ओ. को कामको विश्वसनीयता र सत्यनिष्ठालाई कमजोर बनाउँछ ।
5. जहाँ एउटा बि. टि. ओ. सरोकारवालालाई अर्को बि. टि. ओ. सरोकारवाला वा अन्य कुनै व्यक्तिद्वारा यौन दुर्व्यवहार वा शोषण भईरहेको छ भनेर चिन्ता वा शंका लागिरहेको छ भने उसले तुरुन्तै स्थापित एजेन्सी रिपोर्टिङ संयन्त्र मार्फत त्यस्ता चिन्ताहरु रिपोर्ट गर्नुपर्छ ।
6. बि. टि. ओ. का सरोकारवालाहरूले यौन शोषण र दुर्व्यवहार रोक्न तथा यस नीतिको कार्यान्वयनलाई प्रबर्धन गर्ने वातावरण सिर्जना गर्ने र कायम राख्नु पर्नेछ । सबै तहमा बि. टि. ओ. प्रबन्धकहरूलाई यो वातावरणलाई कायम राख्ने तथा साझेदारहरूलाई शिक्षा र तालिम दिने प्रणालीहरूको समर्थन तथा विकास गर्ने विशेष जिम्मेवारीहरु छ ।

## प्रतिबद्धताहरू

बि. टि. ओ. निम्न प्रतिबद्धताहरूको कार्यान्वयन मार्फत माथि उल्लेखित मूल सिद्धान्तहरूको परिपालना गर्न समर्पित छ । यसमा बि. टि. ओ. का सबै निकायहरु र अरुलाई बि. टि. ओ. को कार्यसम्पादन अनुगमन गर्नको लागि प्रगतिको समय-बद्ध, मापनयोग्य सूचकहरु समावेश छन् ।

१. विशेष पदमा रहेका कर्मचारीहरूमा उचित कार्य जिम्मेवारीहरु (जस्तै निर्देशकहरूद्वारा कर्मचारी प्रशिक्षण, गुनासो र प्रतिक्रिया संयन्त्रहरु तथा उच्च-स्तरिय निरीक्षण र प्रगति प्रतिवेदनहरुको समन्वय गर्ने) समावेश गरी यौन शोषण र दुर्व्यवहार रोक्न र प्रतिक्रिया दिन संगठन रणनीतिहरूको प्रभावकारी कार्यान्वयनलाई समर्थन र सुनिश्चित गर्ने लगायतका यौन शोषण र दुर्व्यवहार रोक्न र प्रतिक्रिया दिन संगठन-विशेष रणनीतिहरु विकास गर्ने ।

२. जोखिमका क्षेत्रहरु पहिचान गर्न जोखिम मूल्याङ्कन गर्ने र ती जोखिमहरु हटाउन वा न्युनिकरण गर्न चालिएका पाईलाहरुको अभिलेख गर्ने ।

३. बाल यौन शोषण र दुर्व्यवहारको विशेष प्रावधानहरु सहित बि. टि. ओ. का सरोकारवालाहरूको (कार्यक्रम साझेदारहरु सहित) लागि सान्दर्भिक आचार संहिता तथा प्रवेश सामग्री र प्रशिक्षण पाठ्यक्रमहरूमा यौन शोषण तथा दुर्व्यवहार र बाल संरक्षणमा बि. टि. ओ. को मापदण्डहरु समावेश गर्ने ।

४. साझेदारी, उप-अनुदान वा उप-प्राप्तकर्ता सम्झौताहरूमा संलग्न हुँदा, यी सम्झौताहरूमा क) यो नीतिलाई संलग्न कागजातको रूपमा समावेश गर्ने कुरालाई सुनिश्चित गर्ने; ख) यस नीतिका मापदण्डहरूसँग सुसंगत आचार संहिताको पालना गर्न त्यस्ता अनुबंधित संस्थाहरू र व्यक्तिहरू, र तिनीहरूका कर्मचारी र स्वयंसेवकहरूलाई आवश्यक रहेको भनि उचित भाषा समावेश गर्ने; र ग) ती संस्था वा व्यक्तिहरूको यौन शोषण र दुर्व्यवहार विरुद्ध निवारक उपायहरूको परिपालना, त्यसका आरोपहरूको छानबिन तथा रिपोर्ट गर्न, वा यौन शोषण वा दुर्व्यवहार भएको बेला सुधारात्मक कारबाहीहरू गर्न भएको असफलता बि. टि. ओ. को लागि त्यस्ता सम्झौताहरू समाप्त गर्ने आधारहरू हुनेछन् भनेर स्पष्ट रूपमा उल्लेख गर्ने ।

५. नियमित रूपमा बि. टि. ओ. का सरोकारवालाहरू र समुदायहरूलाई यौन शोषण र दुर्व्यवहार रोक्न र प्रतिक्रिया दिनका लागि गरिएका उपायहरूको बारेमा जानकारी दिने । त्यस्ता सूचनाहरू अन्य सम्बन्धित निकायहरूसँगको सहकार्यमा देशभित्रै विकास तथा प्रसारित गरिनुपर्छ र त्यसमा उजुरी संयन्त्रको विवरण, सामान्य भाषामा अनुसन्धानको अवस्था र नतिजा, अपराधी विरुद्ध गरिएका कारबाहीप्रति पाईएको प्रतिकृया र सो पश्चात लिईएका कार्यवाहीहरुका साथै उजुरीकर्ता र पीडितहरूलाई उपलब्ध सहयोग समेत समावेश गर्नुपर्छ । कुनै जानकारी जुन सामान्य प्रकृतिको छैन र विशेष मामिलाहरूसँग सम्बन्धित छ, त्यस्तो सुचनामा पीडित र परिवार, बि. टि. ओ. को सरोकारवाला वा सम्बन्धित कर्मचारी तथा चलिरहेको अनुसन्धान प्रक्रिया, विशेष गरी जहाँ कानुनी प्रभावहरू छन्, लगायतका सबै पक्षहरूको गोपनीयतालाई सम्मान गर्नुपर्छ ।

६. बि. टि. ओ. का सरोकारवालाहरूद्वारा यौन शोषण र दुर्व्यवहार हुनबाट रोक्न र भएमा प्रतिक्रिया दिन समुदाय र सरकारहरूको समर्थन प्राप्त गर्ने ।

७. यौन शोषण तथा दुर्व्यवहार रिपोर्ट गर्ने उजुरी संयन्त्रहरू पहुँचयोग्य भएको तथा उजुरीहरू प्राप्त गर्नका लागि रहेका बि. टि. ओ. केन्द्र बिन्दुहरुमा आफ्नो कर्तव्य कसरी निर्वाह गर्ने भन्ने बुझाई रहेको सुनिश्चित गर्ने । यसमा उपयुक्त स्थानिय भाषामा यौन शोषण र दुर्व्यवहारका आरोपहरूको अभिलिखित रिपोर्टिङ प्रकृया र उल्लङ्घनका भएमा हुने कारबाही सहितको गैर-अनुपालन नीति समावेश भएको हुनुपर्छ।

८. यौन शोषण तथा दुर्व्यवहारको उजुरीकर्ताहरूलाई समर्थन र सहायता प्रदान गर्ने । यसमा गोपनीयता, सांस्कृतिक संवेदनशीलता र पीडितको सुरक्षालाई ध्यानमा राख्दै पीडितको चाहना र आवश्यकता अनुसार उचित स्वास्थ उपचार, कानुनी सहायता र मनोसामाजिक सहयोग समावेश हुन सक्छ ।

९. प्रचलित कानूनको पालना गर्दै, यौन शोषण र दुर्व्यवहारका दोषीहरूलाई (पुन:) काममा नियुक्ति वा (पुन:) खटिनबाट रोक्ने । बि. टि. ओ. का प्रबन्धकहरु र कार्यक्रम साझेदारहरूले सबै कर्मचारीहरूका लागि, विशेष गरी बच्चाहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क हुने कर्मचारीहरूको लागि बलियो नियुक्ति स्क्रीनिंग (जाँच) प्रक्रियाको सुनिश्चितता गर्नुपर्छ । यसमा पृष्ठभूमि र आपराधिक सन्दर्भ/रेकर्ड जाँचहरू, रेफरी (सुझाव गर्ने व्यक्ति) सँग मौखिक सोधपुछ र व्यवहार-आधारित अन्तर्वार्ता प्रश्नहरू समावेश गरिएका अन्तर्वार्ता योजनाहरूको प्रयोग लगायत समावेश हुन सक्छन् ।

१०. समयमै र व्यावसायिक रूपमा यौन शोषण र दुर्व्यवहारका आरोपहरूको अनुसन्धान गर्ने । यसमा उजुरीकर्ता र साक्षीहरू, विशेष गरी बच्चाहरूसँग उपयुक्त अन्तर्वार्ता अभ्यासहरूको प्रयोग समावेश हुन्छ । यसका साथै व्यावसायिक अनुसन्धानकर्तालाई संलग्न गराउने वा उचित अनुसन्धनात्मक विशेषज्ञता प्राप्त गर्ने ।

११. यौन शोषण र दुर्व्यवहार गर्ने बि. टि. ओ. सरोकारवालाहरू विरुद्ध आवश्यक परेमा कानुनी कारबाही समेतको छिटो र उचित कारबाही गर्ने । यसमा प्रशासनिक वा अनुशासनात्मक कारबाही, र/वा फौजदारी अभियोजन लगायतको उचित कारबाहीका बि. टि. ओ. सरोकारवालाको (वा अन्य दुर्व्यवहारकर्ताको) मूल देशका साथै आयोजक देशमा समेत सम्बन्धित अधिकारीहरू समक्ष पठाउने कार्य हुन सक्छ ।

१२. बि. टि. ओ. सरोकारवालाहरू संलग्न रहेको यौन शोषण र दुर्व्यवहारको आरोपहरू रिपोर्ट गरिएको अवस्थामा व्यक्तिहरूलाई प्रतिशोधबाट जोगाउन बि. टि. ओ. को क्षमताले भ्याएसम्म उपयुक्त कारवाही गर्ने ।

१३. यौन शोषण र दुर्व्यवहारको रोकथाम गर्न र प्रतिक्रिया दिनको लागि प्रभावकारिताको अनुगमन गर्न, प्रगति रिपोर्ट गर्न र प्रयासहरू सुधार गर्न यौन शोषण र दुर्व्यवहारका उजुरीरु र सो सम्बन्धि गरिएका कारबाहीहरुको उच्च स्तरको निरीक्षण र सूचना प्रणाली सुनिश्चित गर्ने ।

## नीति

यो नीति सबै बि. टि. ओ. का सरोकारवालाहरूलाई लागू हुन्छ र यसको उद्देश्य कर्मचारी, स्वयमंसेवक र सम्बन्धित कर्मचारीहरूलाई आफ्नो व्यावसायिक र व्यक्तिगत जीवनमा बि. टि. ओ. को आचार संहिता र मूल मान्यताहरुलाई झल्काउने निर्णय लिनको लागि एउटा उदाहरणात्मक मार्गनिर्देशन प्रदान गर्ने रहेको छ । यस नीतिको कुनै पनि उल्लङ्घन गम्भीर चिन्ताको विषय हो र त्यसको परिणाम अनुशासनात्मक कार्यविधी तथा प्रचलित कानून बमोजिम पदमुक्त समेतको अनुशासनात्मक कारबाही हुन सक्छ । सबै बि. टि. ओ. का सरोकारवालाहरूले यो नीतिमा हस्ताक्षर गर्नुपर्छ ।

१. बि. टि. ओ. का सरोकारवालाहरूले सुरक्षा वा सहयोगको बदलामा बि. टि. ओ. कार्यक्रमहरूका सहभागी, बालबालिका वा बि. टि. ओ. ले काम गर्ने समुदायमा रहेका अन्य कोहीबाट कुनै पनि सेवा वा यौन अनुग्रहको लागि अनुरोध गर्ने छैनन् र साथै यौन शोषण वा अपमानजनक सम्बन्धमा संलग्न हुने छैनन् ।

२. बि. टि. ओ. का सरोकारवालाहरूले पैसा, रोजगारी, सामान वा सेवाहरू यौन सम्पर्कको लागि साट्ने छैनन् जसमा यौन अनुग्रह वा अन्य प्रकारका अपमानजनक, शोषणात्मक व्यवहार समेत पर्दछन् । यौन सम्पर्कको लागि पैसाको आदानप्रदान विरुद्धको यो प्रतिबन्धको अर्थ बि. टि. ओ. का सरोकारवालाहरूले यौनकर्मीहरूबाट सेवा लिन सक्ने छैनन् ।

३. बि. टि. ओ. का सरोकारवालाहरूलाई कार्यक्रमका सहभागीहरूसँग यौन सम्बन्ध राख्न वा यौन गतिविधिहरूमा संलग्न हुनबाट कडा रुपमा निरुत्साहित गरिन्छ किनभने यस्तो सम्बन्धमा स्वार्थको द्वन्द्व अन्तर्निहित रहेको हुन्छ तथा शक्तिको दुरुपयोग हुने सम्भावना हुन्छ । यदि कुनै कर्मचारी कार्यक्रम सहभागीसँग यौन वा यौनजन्य क्रियाकलापमा संलग्न भएको छ भने, कर्मचारीले उचित मार्गदर्शनको लागि आफ्नो पर्यवेक्षकलाई सो कुराको खुलासा गर्नुपर्छ । यस्तो आचरण रिपोर्ट गर्न असफल भएमा बि. टि. ओ. को नीति र कार्यविधी अनुसार अनुशासनात्मक कारबाही हुन सक्नेछ ।

४. बि. टि. ओ. स्पष्ट छ कि अरूसँग प्रवेश गरेको कुनै पनि साझेदारी एक अर्काको मूल्य मान्यता र आस्थाको पारस्परिक सम्मानमा आधारित रहेको छ । बि. टि. ओ. ले आफ्ना कर्मचारीहरूलाई साझेदारहरूका कर्मचारीसँग यौनजन्य क्रियाकलापमा संलग्न हुनबाट कडा रूपमा निषेध गर्दछ जहाँ शक्तिको दुरुपयोग हुन सक्छ । बि. टि. ओ. का साझेदारहरूसँग सम्बन्धमा संलग्न रहेका सबै कर्मचारी र अन्य प्रतिनिधिहरूले निम्न कुराहरू पालना गर्नुपर्दछ : १. सम्बन्ध प्रारम्भिक चरणमा भए पनि र कायम हुने संभावना नभएपनि आफ्नो प्रबन्धक वा मानव संसाधन (एच.आर.) लाई सकेसम्म चाँडो सो सम्बन्धको बारेमा घोषणा गर्ने । जबसम्म सम्बन्धहरु उचित रूपमा कायम गरिन्छन्, त्यस्ता खुलासाहरूलाई गोप्य मानिनेछ । २. व्यावसायिक रूपमा व्यवहार गर्ने र बि. टि. ओ. को काममा असर नपर्ने तरिकाले आफ्नो सम्बन्ध कायम गर्ने । ३. आफुले उक्त सम्बन्धमा आधारित भएर आफ्नो कार्य सम्बन्धि निर्णयहरु नलिने सुनिश्चित गर्ने । ४. उक्त सम्बन्धले धोखाधडी वा भ्रष्ट व्यवहारतर्फ लम्कन नदिने सुनिश्चित गर्ने ।

५. सहमति प्रदान गर्ने स्थानीय उमेर, अर्थात् बि. टि. ओ. सरोकारवालाले काम गर्ने देशको स्थानीय वा राष्ट्रिय कानूनमा जति भएतापनि बि. टि. ओ. सरोकारवालाहरूले १८ वर्ष भन्दा कम उमेरको कुनै पनि व्यक्तिसँग यौनजन्य क्रियाकलापमा सहभागी हुनु हुँदैन । बच्चाको उमेरको अज्ञानता वा गलत विश्वास प्रतिरक्षा होइन ।

६. बाल अश्लीलता वा मानव बेचबिखन लगायतका कुनै पनि प्रकारको यौन शोषण वा दुर्व्यवहारपूर्ण गतिविधीमा बि. टि. ओ. का सरोकारवालाहरूले समर्थन गर्ने वा भाग लिने छैनन् ।

७. बि. टि. ओ. का सरोकारवालाहरूले सबै बालबालिकाहरूलाई सम्मान र स्नेहको साथ व्यवहार गर्नको साथै बालबालिकाहरूप्रति अनुपयुक्त, उत्पीडनजन्य, दुर्व्यवहारपूर्ण, यौन उत्तेजक, अपमानजनक वा सांस्कृतिक रूपमा अनुचित भाषाको प्रयोग वा व्यवहार गर्ने छैनन् ।

८. बि. टि. ओ. सरोकारवालाहरूले बालबालिकाहरूलाई घरेलु वा अन्य श्रमको लागि काममा राख्ने छैनन् जुन उनीहरूको उमेर अनुसार वा विकास चरणमा अनुपयुक्त छ, जसले उनीहरूको शिक्षा र मनोरञ्जनात्मक गतिविधिहरूको लागि उपलब्ध समयमा हस्तक्षेप गर्दछ वा उनीहरूलाई चोटपटकको जोखिममा राख्दछ ।

९. बि. टि. ओ. का सरोकारवालाहरूले बि. टि. ओ. को मानव, वित्तीय र भौतिक स्रोतहरूको उचित संरक्षण, व्यवस्थापन र उपयोग गर्नेछन् तथा कम्प्युटर, क्यामेरा, मोबाइल फोन वा सामाजिक सञ्जाल लगायतका बि. टि. ओ. का स्रोतहरु बि. टि. ओ. कार्यक्रमका सहभागीहरु, बालबालिका वा बि. टि. ओ. ले काम गर्ने समुदायका अन्यलाई शोषण वा उत्पीडन गर्न कहिले पनि प्रयोग गर्ने छैनन् ।

१०. कार्य प्रयोजनको लागि बच्चाको फोटो खिच्दा वा भिडियो बनाउँदा, बि. टि. ओ. का सरोकारवालाहरूले:

- व्यक्तिगत फोटोहरु खिच्दा स्थानीय परम्पराहरु वा प्रतिबन्धहरूको पालना गर्ने ।
- फोटो वा भिडियोको प्रयोजनको बारेमा जानकार गराउँदै फोटो खिच्नु अघि बच्चाको आमाबुवा वा अभिभावकबाट सूचित सहमति प्राप्त गर्ने ।
- फोटो, फिल्म, भिडियो र डी.भि.डी.हरुले बालबालिकाहरूलाई असुरक्षित वा कमजोर तरिकाले नभई मर्यादित र सम्मानजनक रूपमा प्रस्तुत गर्ने सुनिश्चित गर्ने ।
- बालबालिकाहरुले लुगा लगाएका छन् र यौनजन्य जस्तो देखिन सक्ने तरिकाले प्रस्तुत भएका छैनन् भनेर सुनिश्चित गर्ने ।
- कैद गरिएको छवि सन्दर्भ र तथ्यको सच्चा प्रतिनिधित्व हो भनेर सुनिश्चित गर्ने ।
- फाईलको पहिचानात्मक विवरणले बच्चाको पहिचान खुलाउने जानकारी प्रकट नगर्ने सुनिश्चित गर्ने ।

११. बि. टि. ओ. का सरोकारवालाहरूले सबै प्रकारको बालबालिकाको शोषण तथा दुर्व्यवहा रोक्न, विरोध गर्न र लड्नको लागि सबै यथोचित कार्य गर्नुपर्छ ।

१२. सम्भव भएसम्म बि. टि. ओ. का सरोकारवालाहरूले बालबालिकाहरुसँग काम गर्दा अर्को वयस्कको उपस्थितिमा काम गर्नुपर्छ ।

१३. बि. टि. ओ. का सरोकारवालाहरूले बाल शोषण र दुर्व्यवहार संग सम्बन्धित परम्परागत कानून अन्तर्गत समेत समावेश भएको कसूरको सम्बन्धमा लागेको अभियोग, पाएको सजाय र अन्य परिणामहरूको खुलासा गर्नुपर्छ ।

१४. सहकर्मी, कार्यक्रम सहभागी वा बि. टि. ओ. ले काम गर्ने समुदायमा रहेका अन्य कोही संलग्न रहेको यौन शोषण र दुर्व्यवहारका घटनाहरूसँग सम्बन्धित संवेदनशील जानकारी केवल कार्यान्वयन गर्ने अधिकारीहरु र बि. टि. ओ. का एजेन्टहरु तथा उचित वरिष्ठता वा सो को जानकारी पाउनुपर्ने कार्यजिम्मरेवारी रहेका कर्मचारीहरूलाई मात्र प्रदान

गरिनेछ । यस नीतिको उल्लङ्घनले अरूलाई जोखिममा पार्न सक्छ र त्यसैले यसको परिणाम अनुशासनात्मक कारबाही हुनेछ ।

१५. बि. टि. ओ. सरोकारवालाहरूले यस नीतिको कार्यान्वयन प्रवर्द्धन गर्ने वातावरणको सिर्जना गर्ने र कायम राख्ने कार्य गर्नुपर्छ ।

१६. बि. टि. ओ. का सरोकारवालाहरूले बि. टि. ओ. को रिपोर्टिङ संयन्त्र मार्फत बि. टि. ओ. सरोकारवालाबाट यस नीतिको सम्भावित उल्लङ्घनको बारेमा कुनै पनि चिन्ता वा शंकाहरू तुरुन्तै रिपोर्ट गर्नुपर्छ । सरोकारवालाहरूले यस नीतिको उल्लङ्घन गर्न सक्ने व्यक्ति बि. टि. ओ. को कर्मचारी नभएर एक सम्बन्धित व्यक्ति मात्र भए तापनि त्यस्ता चिन्ताहरू रिपोर्ट गर्नुपर्छ । जब कुनै गुनासो वा चिन्ता उठाइन्छ, त्यसलाई ७२ घण्टा भित्र बि. टि. ओ. व्यवस्थापनमा पठाइनुपर्छ । यो अरु कसैको तर्फबाट पनि गर्न सकिन्छ र केवल अरुको शंका मात्र पनि समावेश हुन सक्छ। सीमित सञ्चार विकल्पहरू भएको दुर्गम समुदायहरूमा, यो प्रक्रियालाई लामो समय लाग्न सक्छ तर सधैं ढिलाइ नगरी सकेसम्म चाँडो गरिनुपर्छ ।

१७. सबै तहका निर्देशक, प्रबन्धक र पर्यवेक्षकहरूसँग यस नीतिको कार्यान्वयनलाई सहज बनाउने र यौन शोषण र दुर्व्यवहारबाट मुक्त हुने वातावरण कायम गर्ने प्रणालीहरूलाई समर्थन र विकास गर्ने विशेष जिम्मेवारीहरु छन् ।

## सम्बन्धित कागजातहरू (यस खण्ड नीतिहरूको निर्माणको आधारमा थपिईनेछ ।)

- बाल संरक्षण नीति
- व्हिसलब्लोअर (सुचनादाता) नीति
- गुनासो नीति
- लैङ्गिक समानता नीति
- बि. टि. ओ.  आचार संहिता
- मानव संसाधन नीति
- स्वयंसेवक नीति र कार्यविधी